संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या - २

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल जेठ १ गते मंगलबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा बेलुका ६:०५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमै नेपाली काँग्रेसका माननीय सदस्यहरु सभामुख आशन अगाडिको वेलमा आई विभिन्न किसिमका नाराहरु लगाउन शुरु गर्नुभयो साथै, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाका माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले पटक पटक माननीय सदस्यहरुलाई आ-आफ्नो आशन ग्रहण गर्न आग्रह गर्नुहुँदै आजको कार्यसूचीमा महत्वपूर्ण विषयहरु रहेको, अधिवेशन प्रारम्भको पहिलो वैठकमा नै सुनाउनु पर्ने पत्रहरु लगायत अध्यादेश समेत पेश हुन नसकेको, माननीय उपप्रधानमन्त्री एवम् गृहमन्त्रीले बोल्न समय माग गर्नु भएको साथै दुवैसभाको संयुक्त वैठकमा सम्माननीय राष्ट्रपतिबाट भएको सम्बोधनको लागि सभाको तर्फबाट धन्यवाद प्रस्ताव पारित गर्नुपर्ने भएकोले सो कार्यक्रम सकेर माननीय सदस्यहरुले राख्नुभएको मागलाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा छलफल गरौं भन्नुहुँदा पनि नारा लगाउने क्रम नरोकिएपछि सम्माननीय सभामुखले कार्यसूचीको सम्पूर्ण बाँकी कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०८१ साल जेठ ३ गते बिहीबार बिहान ११:०० बजे बस्नेगरी बैठक बेलुका ६:१५ बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव